# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय, काठमाण्डौ।

### स्थलमार्गबाट खाद्यवस्तु ढुवानीका लागि विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रकाशित मितिः २०८२/०४/१२**

यस कम्पनीको तर्फबाट आर्थिक बर्ष २०८२।०८३ मा राज्यभरका विभिन्न स्थानहरुमा सतहमार्गबाट खाद्यबस्तु ढुवानी गर्नु पर्ने भएकोले PAN /VAT मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरिएको छ।

१. विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत वोलपत्र पेश गर्नुपर्नेछ। वोलपत्रदाताले मिति २०८२।०५।११ गते दिनको १२:०० बजे सम्ममा वोलपत्र कागजातहरु खरिद/पेश गरी सक्नुपर्नेछ। वोलपत्रदाताले यस कम्पनीको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१मा KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा वोलपत्रको दस्तुर जम्मा गरी सोको भौचर Scanning गरी विद्युतीय वोलपत्र साथ पेश गर्नु पर्ने छ।बोलपत्रदस्तुरको भौचरमा बोलपत्रदाताको नाम तथा आफूले ढुवानी गर्न चाहेको सेक्टरको विवरण स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ । पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, काठमाण्डौमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा E-GP site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

२. एउटै बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सेक्टरहरुमा खाद्यवस्तु ढुवानीको लागि बोलपत्र पेश गर्न सक्नेछ। तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरको लागि बेग्लाबेग्लै बोलपत्र फारम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी (बैंक जमानत/नगद) राख्नुपर्नेछ। एक भन्दा बढी सेक्टरमा E-bid गर्न चाहने बोलपत्रदाताले प्रत्येक सेक्टरका छुट्टाछुट्टै बोलपत्र फारम भरी आवश्यक कागजात संलग्न राखी एकै पटकमा submit गर्नुपर्नेछ।

३. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी वापत तोकिएको रकम र बोलपत्र दस्तुर यस कम्पनीको प्रधान कार्यालय काठमाण्डौको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाण्डौको चल्ती खाता नं. ००२००१००५०२४२४००००००१ मा KHADYA BYABASTHA TATHA BYAPAR COMPANY LIMITED को नाममा जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ।बोलपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन अवधिको बैंक जमानी राख्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताले नियमानुसार धरौटी बापत नगद जम्मा गरी वा २०८३ साल पौष मसान्त सम्म अवधि रहेको "क" बर्गको बाणिज्य बैंकवाट जारी भएको बैंक जमानत पेश गरी सम्झौता गर्नु पर्ने छ।बोलपत्र स्विकृतिको सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी, बैंक जमानत जफत हुनेछ।

४. कम्पनीको डिपो कार्यालय संचालनमा नरहेको स्थानमा वा डिपोमा कर्मचारी नभएको स्थानमा वा अस्थायी बिक्री केन्द्रमा ढुवानीको लागि पटक पटक गरी बुझ्ने खाद्यान्नको प्राप्त गर्ने कार्यालयको निर्धारित बिक्री मूल्यले हुने रकम चलान गर्ने कार्यालय वा प्राप्त गर्ने कार्यालयको जिल्ला स्थित कम्पनीको कार्यालयमा ढुवानीकर्ताले अग्रिम रुपमा जम्मा गरी खाद्यान्न जिम्मा लिनु पर्नेछ । यसरी ढुवानी गरी तोकिएको स्थानमा पुऱ्याए पछि सम्बन्धित पालिकाको समन्वय र रोहवरमा खाद्यान्न प्राप्त गरी बिक्री गरेको मुचुल्का, भरपाई, आदि कागजात तयार गरी यस कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले VAT/PAN दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ताको प्रमाणपत्र, फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, घोषणापत्र र तोकिए बमोजिमको नगद धरौटी वा बैंक जमानत सहितका कागजातहरु बोलपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ।

६. कम्पनीको आवश्यकता अनुसार ढुवानी परिमाण थपघट हुन सक्नेछ।

७. **चलान गर्ने र प्राप्त गर्ने कार्यालय मध्ये प्राप्त गर्ने कार्यालयबाट चलान गर्ने कार्यालयमा ढुवानी गर्नु परेमा सुगम स्थानबाट सुगममा १००% र दुर्गमबाट सुगममा स्वीकृत ढुवानी भाडामा ६५% लागतमा ढुवानी गर्नु पर्नेछ।**

८. **ढुवानी गर्नु पर्ने सेक्टरहरु, बोलपत्र दस्तुर, धरौटी रकम र ढुवानी हुने मोटामोटी परिमाण तथा अन्य विस्तृत जानकारीको लागि PPMO को E-GP Site www.bolpatra.gov.np/egp, कम्पनीको वेबसाईट www.fmtc.org.np मा समेत सूचना हेर्न सकिने छ। अन्य कुरा बुझ्न परेमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राख्न सकिनेछ।**

९. प्राप्त बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

१०. यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७९ अनुसार हुनेछ।

क्रमशः

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड**

**खरिद विभाग (खरिद एकाई) प्रधान कार्यालय, काठमाण्डौ**

**सावजनिक खरिद नियमावली, २०६४को नियम १३ तथा यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन नियमावली, २०७९ को विनियम १५ बमोजिम आ.व. २०८२/०८३ मा स्थलमार्गबाट खाद्यान्न ढुवानी बोलपत्र आव्हानका लागि लागत अनुमान तयार गरिएको। लागत अनुमान दर, ढुवानी गर्नुपर्ने मोटा मोटी परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर र बाटोको म्याद आदिको विवरण निम्न बमोजिम रहेका छन्।**

| क्र.सं. | जिल्ला | क्र.सं. | खाद्यान्न ढुवानी सेक्टर | | आ.व. २०८२/०८३ मा ढुवानी हुने मोटा मोटी परिमाण क्वी.मा | धरौटी रकम रु | बोलपत्र दस्तुर रु. | बाटो को म्याद (दिन) |
|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | |
| १ | जाजरकोट | १ | शाखा जाजरकोट | रजुतारा विक्री केन्द्र | १००० | ४५९०० | १००० | १२ |